# लिसंखु पाखर गाउँपालिकाका अध्यक्ष श्री कमल प्रसाद नेपालद्वारा
# आ.व. ०७८/०७९ को लागि नवौं गाउँ सभामा प्रस्तुत
# नीति तथा कार्यक्रम

**मिति : २०७८/०३/१०**

सभामा उपस्थित उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरू वडा अध्यक्ष लगायत सम्पूर्ण सभाका सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय र पत्रकार मित्रहरू एवम् उपस्थित सम्पूर्णमा हार्दिक अभिवादन/नमस्कार

आज हामी लिसंखु पाखर गाउँपालिकाको नवौं गाउँ सभामा उपस्थित भएका छौं । यस महत्वपूर्ण घडीमा मुलुकको विकास परिवर्तन सङ्घीय लोकतन्त्र र मानव अधिकारको सुनिश्चितताको लागि विभिन्न समयमा भएका आन्दोलनहरूमा सहभागी भई बलिदान हुनुहुने ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै राष्ट्रिय अखण्डता, स्वाधीनता र लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्नुहुने अग्रजहरूमा उच्च सम्मान गर्दै उहाँहरूको योगदानको स्मरण गर्न चाहन्छु ।

आ.व. ०७७/०७८ को नीति तथा कार्यक्रम बजेट कार्यान्वयनको विभिन्न जिम्मेवारीमा रहेर खट्नु हुने सबै जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक पार्टीहरू र उपभोक्ताहरू एवम् नागरिक समाजलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै आगामी आर्थिक वर्षमा अझ प्रभावकारीताका साथ कार्य गर्नुहुने छ भन्ने अपेक्षा गर्दछु । मुलुक अहिले नेपालको संविधान, २०७२ अनुसार सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामा सञ्चालित छ । नेपालको संविधानमा स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारको अधिकारका सूचीहरू लिपिवद्ध गरिएका छन् । संवैधानिक व्यवस्था अनुसार देशमा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार जनताको सेवामा क्रियाशील छन् ।

गाउँको विकासमा नागरिकहरूको प्रत्यक्ष सहभागिता होस्, नागरिकहरूकै घर दैलोमा सरकारको अनुभूति होस् भन्ने उद्देश्यले सङ्घीय प्रणाली लागु गरिएसँगै त्यसको परिणाम स्वरूप यस गाउँपालिका गठन भई निर्वाचित भए देखि नै हाम्रोतर्फबाट शत प्रयासहरू जारी रहेका छन् । तथापी सबै अपेक्षा एकै पटक पूरा हुने विषय नभई क्रमिकरूपमा पूरा हुँदै जाने विषय हो । यस गाउँपालिकाले दीगो विकासको लक्ष्य अनुरूप सबै वडाहरूको सन्तुलित विकासलाई ध्यान दिई योजना तथा कार्यक्रमहरू सञ्चालन गरेको व्यहोरा यस सभा समक्ष निवेदन गर्दछु ।

हामी यस लिसंखु पाखर गाउँपालिकामा निर्वाचित भएर आएको चौथो वर्ष पूरा भएर पाचौं वर्षका लागि नीति तथा कार्यक्रम गाउँ सभामा प्रस्तुतिका लागि उपस्थित भएका छौं । यस गाउँपालिकालाई समृद्ध, समुन्नत, नमुना गाउँपालिकाको रूपमा विकास गर्ने चाहना हुँदाहुँदै पनि हस्तान्तरण भएर आएका स्रोतहरू पर्याप्त नभएका र हाम्रो आफ्नै भरपर्दो आन्तरिक स्रोत नभएको तथा संविधानको साझा अधिकार सूचीमा उल्लेखित अधिकारहरूको प्रयोगमा कानुनी स्पष्टता भइनसकेता पनि हाम्रा कार्यक्रमहरू परिवर्तनलाई आत्मसात गर्ने प्रकृतिका नै आउने गरेका छन् । हाम्रो इच्छा र चाहना, परिवर्तन महशुस हुने एवम् जनताले देख्ने गरी, विधि र कानूनको परिधि  भित्र रहेर गाउँपालिकाको समग्र क्षेत्रमा विकास गर्ने रहेकाले यावत चुनौतीहरूको बाबजुद पनि जनतामा आएको तिब्र विकासको चाहना, जनसहभागिता र जनप्रतिनिधिहरूको सार्थक क्रियाशीलता जस्ता कारणले गाउँ वस्तिमा विकास र समृद्धिका आधारशीलाहरू खडा हुँदै गएका कारण जनस्तरमा उत्साह बढेको छ ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना महमारी (कोभिड-१९) का कारण हाम्रो देश पनि प्रभावित भएको  छ । विश्वको मानव जीवनसँगसँगै आर्थिक विकासको क्षेत्रमा संकट निम्तिएको छ । एकै पटक मानवीय र आर्थिक संकटको सामना गर्नु परिरहेको छ । मानवीय र आर्थिक संकटका कारण जनजीवन प्रभावित भएको छ । विकासका सबै क्षेत्र प्रभावित भएका छन् । लिसंखु पाखर पनि प्रभावित छ । हालसम्म यस पालिकामा कोरोनाको प्रथम लहरबाट १५ जना संक्रमित भएको,  दोस्रो लहरबाट २२३ जना संक्रमित भई ८ जनाले ज्यान समेत गुमाउनु परेको अवस्था छ । होम आइसोलेसन र अस्पतालमा उपचाररत रहनुहुने सबैमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दै निधन हुनुहुनेप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । महामारीबाट मुक्त हुन ३ वटै तहका सरकारले महत्वपूर्ण भूमिका खेलिरहेका छन् । हाम्रो गाउँपालिकाले पनि उक्त रोगको नियन्त्रण र रोकथामका लागि सचेतनामुलक, उपचारात्मक र राहतमुलक कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । यसलाई अझै प्रभावकारी बनाउनु पर्ने हुन्छ । महामारी रोकथाम र नियन्त्रणसँगै यसले समग्र क्षेत्रमा पार्ने प्रभावहरूलाई व्यवस्थित गर्न गाउँपालिकावासी सबै नागरिक, जनप्रतिनिधि, राजनीतिकर्मी, शिक्षक, बुद्धिजीवि, समाजसेवी, राष्ट्रसेवक कर्मचारी  सबैको साथ सहयोग र सक्रियताको यस सभामार्फत अपेक्षा गरेको छु ।

**आदरणीय महानुभावहरू,**

साविकका ठूलोधादिङ्ग, लिसंखु, अत्तरपुर, जेठल, ठूलोपाखर र पेट्कु गा.वि.सलाई मिलाएर ७ वटा वडा हुने गरी गठन भएको यस गाउँपालिकाको क्षेत्रफल ९८.६१ वर्ग की.मी. रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार कुल १५१४३ जनसंख्या बसोबास गर्दछन् । सिन्धुपाल्चोक जिल्लाको दक्षिणपूर्वी भेगमा अवस्थित रहेको यस पालिकामा तामाङ, नेवार, क्षेत्री, बाहुन, पहरी, दलित लगाएतका जाताजातीहरुको बसोबास गर्दछन् । हिन्दु, बौद्ध र क्रिश्चियन धर्मावलम्बी रहेका छन् । आस्था अनुसार गुम्बा, स्तुपा, मठ-मन्दिर र चर्च रहेका

छन् । ताङ्जोमहाकाल लगाएतका मठ-मन्दिर, गुम्बा, स्तुपा र छ्योर्तेनहरु पर्यटकीय आकर्षणका केन्द्र रहेका छन् । हरियाली बनजङ्गलका साथै ऐतिहासिक चुचेढुङ्गा र गुफाहरु रहेका छन् । खोलानालाहरुमा वाफल खोला, घ्याल्बुङ खोला, गोलाङ खोला, घ्वातधङ खोला, नौ मुहान पोखरी, तौथली खोला लगाएतका धेरै खोला-खोल्सी रहेका छन् । रमणीय स्थलहरु का साथै समग्र क्षेत्रको विकासमा टेवा पुऱ्याउन चालु आर्थिक वर्षमा सडक तथा पूर्वाधार, खानेपानी, सिचाइ, शिक्षा, स्वास्थ्य, कृषि तथा पशु विकास, सीप विकास, पर्यटन विकास एवम् लक्षित वर्गको विकास लगाएतका क्षेत्रहरूको समग्र विकासमा जोड दिएका छौं । जसको कार्यन्वयन अन्तिम चरणमा पुगेको छ । साथै गाउँपालिकाका लागि आवश्यक पर्ने ऐन, नियमावली, कार्यविधि र मापदण्ड तयार गरी संस्थागत भएको छ । गाउँपालिकाको आफ्नै भवनबाट सेवा प्रवाह गर्न थालिएको छ । स्थायी कर्मचारीहरूको व्यवस्थापन भएको छ । गाउँपालिकाको आफ्नै पनि संस्थागत क्षमता विकास हुँदै गएको छ । विकास एकै पटकमा सम्पन्न हुने विषय होइन । यसको निरन्तरता र दिगोपनाले मात्र समृद्धि र समुन्नतिको ढोका खोल्नेमा आशावादी रहेको छु ।

हाम्रा विकासका भावना सोचलाई मूर्त रूप दिन विश्वव्यापी रूपमा स्वीकार गरिएका दिगो विकासका लक्ष्यहरू हासिल गर्नेतर्फ उन्मुख हुँदै आगामी आ.व. ०७८/७९ को लागि जन अपेक्षा सम्बोधन हुने र दिगो विकास लक्ष हासिलमा टेवा पुग्ने शिक्षा, स्वास्थ्य, सडक, सिँचाई, कृषि, पशुपालन, लघुउद्यम, खानेपानी, पर्यटन, समावेशी विकास, लैंगिक सशक्तीकरण, मानवीय विकास, सुशासन, पूर्वाधार तथा संस्थागत क्षमता विकास गर्न र कोभिड-१९ को रोकथाम, नियन्त्रणका सुरक्षात्मक कार्यक्रमसँगै यसले उत्पन्न गर्ने चुनौतीहरूको व्यवस्थापन केन्द्रित नीति तथा कार्यक्रमहरू सञ्चालन गर्न उपयुक्त ठानेको छु ।

## दीर्घकालीन सोच

**स्वस्थ, सुखी र समृद्ध लिसंखु पाखर, पर्यटन, जलस्रोत, शिक्षा र कृषिमा आधुनिकीकरण र आत्मनिर्भर**

## लक्ष्य

लिसंखु पाखर गाउँपालिकामा रहेको प्रकृतिक स्रोत र साधनको संरक्षण र प्रबर्धन गर्ने, कृषि एवम् पशुपंक्षी पेशा व्यवसायलाई व्यावसायीक एवम् आधुनिकीकरण गर्दै साना घरेलु उद्योगको विकास गर्ने एवम् पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गरी गाउँपालिकालाई आर्थिक केन्द्रको रूपमा विकास गरिने छ । यसका लागि समावेशी विकासलाई जोड दिँदै रोजगारी सिर्जना एवम् आर्थिक बृद्धि गर्ने, आन्तरिक स्रोतको अभिबृद्धि गर्दै आत्मनिर्भरता बृद्धि

गर्ने, भौतिक निर्माण तथा आर्थिक पूर्वाधारको विकास एवम् रोजगारीको सृजना गर्दै गरिबी निवारणमा जोड दिइने छ ।

**उद्देश्य**

- दिगो विकासका लक्ष हासिल गर्न सघाउ पुऱ्याउने स्थानीय विकासका योजना तथा कार्यक्रमहरुमा उपलब्ध स्रोत साधनलाई परिचालन गर्ने ।
- सवल, सक्षम र समृद्ध गाउँपालिका निर्माणको चाहनालाई परिपूर्ति गर्न आर्थिक, सामाजिक, पूर्वाधार, वातावतरणीय र सुशासनको क्षेत्रमा उल्लेख्य प्रगति हासिल गर्दै समृद्ध गाउँपालिका निर्माण गर्ने ।

यसै सिलसिलामा आगामी अर्थिक वर्ष २०७८/०७९ का लागि देहाय अनुसारको नीति तथा कार्यक्रम प्रस्तुत गर्न सम्मानीय सभा समक्ष अनुमति चाहन्छु ।

(क) **अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम**

- उद्यम व्यवसाय बिस्तार, रोजगारी सिर्जना र गरिबी न्यूनिकरणका लागि **लिसंखु पाखरको आह्वान, उद्यम विकासको अभियान भन्ने** नाराका साथ **अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम** सञ्चालनमा ल्याइएकोमा निरन्तरता दिइने छ ।

(ख) **उपाध्यक्ष विपन्न उत्थान कार्यक्रम**

- गरिब परिचय पत्र वितरण कार्यक्रम अन्तर्गत तथ्याङ्क संकलन कार्य भैरहेको छ । परिचय पत्र प्रदान गरिए पछि अति विपन्न परिवारहरुको अर्थिक सशक्तिकरण एवं समृद्धिमा टेवा पुऱ्याउन **उपाध्यक्ष विपन्न उत्थान कार्यक्रम** सञ्चालन गरिने छ ।

(ग) **आर्थिक / राजश्व नीति**

- नेपालको संविधान, स्थानिय सरकार सञ्चालन ऐन २०७४ को आधारमा लिसंखु पाखर गाँउपालिकाको आर्थिक ऐन, प्रचलित ऐन कानून तथा नेपाल सरकारद्वारा जारी गरिएका नीति र मार्गदर्शन बमोजिम राजश्व संकलनलाई व्यवस्थित गरी राजश्व अभिवृद्धि गर्ने नीति लिइनेछ ।
- कोभिड १९ बाट प्रभावित उद्योग, व्यवसायहरुलाई बार्षिक नविकरण शुल्क छुट दिने नीति लिइने छ ।
- यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने लिसंखु पाखरवासीहरूको क्षमता, स्थानीय श्रोत र अन्य गाउँपालिकाको तुलनात्मक अध्ययन तथा प्रचलित ऐन नियमका आधारमा करका दरहरू निर्धारण गरिनेछ ।

- अर्थतन्त्रका तीन स्तम्भहरू सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई सहभागिता, स्वःस्फूर्त विकास र परिपूरक भूमिकामार्फत गाँउपालिकाको अर्थतन्त्रलाई सुदृढ गर्दै समृद्धिको मार्गतर्फ आर्थिक नीतिहरू केन्द्रित गरिने छ ।
- करको दर न्यून कायम गरी दायरा फराकिलो बनाउँदै लगिने छ । संचालित उद्योग, व्यापार व्यवसायलाई दर्ता गराई करको दायरामा ल्याइने छ ।
- व्यवसाय दर्ता, प्यान, भ्याटमा दर्ता, सरकारले लिने कर राजश्वका विषयमा जनचेतना जगाउन सम्बन्धित कार्यालयको सहयोगमा गा.पा. भित्र अभियानको रूपमा अभिमुखीकरण शिविर सञ्चालन गर्न पहल गरिने छ ।
- पालिका भित्रका सबैभन्दा बढी कर बुझाउने फर्म, व्यक्तिहरू छनौट गरी पुरस्कारको व्यवस्था गरिने छ ।

## (घ) कृषि तथा पशु पन्छी विकास नीति

**बनौं आत्मनिर्भर गाउँपालिकावासी, बढाऔं उत्पादन र स्वरोजगारी** को मान्यताका साथ **हाम्रो सबै जमिनलाई उर्वर बनाऔं, कृषि र पशुपंक्षी पालनलाई व्यावसायिकरण गरौं, उत्पादित वस्तुहरूको प्रशोधनमा जोड दिउँ** भन्ने अवधारणलाई कार्यान्वयन गर्न निम्न कार्यक्रमहरू सञ्चालन गरिने छ ।

- कृषि तथा पशु-पंक्षी पालनलाई आधुनिकीकरण, यान्त्रीकरण र व्यावसायिकरण गर्दै उत्पादकत्व बृद्धि गरी यस क्षेत्रलाई अर्गानिक तरकारी, खाद्यान्न, दुध र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउने नीति लिइने छ ।
- विभिन्न वडाहरुमा औषधी उपचार सेवा सहितको पशु पन्छी उपचार केन्द्र स्थापना गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाइने छ ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत सिक्रे, ताम्चे, चिप्ले, तीनचोक, निगाले, तमाखुबारी, बन्धन भेडाखोर क्षेत्रलाई आलु पकेट क्षेत्र एवं ठूलोधादिङ्गको डाँसे क्षेत्रलाई सुन्तला पकेट क्षेत्रको रुपमा विकास गर्ने नीति लिइने छ ।
- कृषि एवम् पशुपालनलाई व्यावसायिक एवम् यान्त्रीकरण गर्न कृषकको समेत सहभागितामा यन्त्र, उपकरण, वीउ, विरुवा, पशुपंक्षीमा विमा अनुदान दिने नीतिलाई निरन्तरता दिइने छ ।
- धान खेतीका लागि वडा नं १, २ र ६, आलु र तरकारी खेतीका लागि वडा नं ३, ४ र ५, मकै खेतीका लागि वडा नं ७ लाई प्रोत्साहित गरी व्यावसायिक उत्पादन बृद्धिमा जोड दिइने छ ।

- त्यस्तै फलफुलतर्फ वडा नं १ मा सुन्तला, जुनार, कागती, किवी, वडा नं ४ मा किवी, वडा नं ५ मा किवी, आलुचा, वडा नं ६ मा सुन्तला र वडा नं ७ मा किवी फलफूल खेतीलाई क्रमिकरूपमा व्यावसायिकरण गर्दै लगिने छ ।
- कृषि उपज राख्ने  चिस्यान केन्द्रको निर्माण प्रक्रिया अगाडि बढेकोमा त्यसलाई सम्पन्न गरिने छ ।
- पशु पंक्षी व्यवसायमा वास्तविक किसानको पहुँच पुऱ्याउन कृषक समूह, सहकारी संस्थाको सिफारिसमा कृषि तथा पशु विकासमा सहयोगका लागि **अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम** मार्फत सहुलियत ऋणको व्यवस्था गरी दुग्ध तथा मासु उत्पादनमा आत्मनिर्भर हुने नीति लिइने छ । जसबाट गाई-भैसी, कुखुरा-बाखा र बंगुर पालन लाई व्यावसायीकरण गर्ने र दुग्ध व्यवसायलाइ्र प्रवर्धन गर्न सहकारी संस्थाहरुलाई डेरी स्थापना गर्न आवश्यक पर्ने सामाग्री अनुदान दिने नीति लिइने छ ।
- कृषि र पशुपंक्षी उपचार एवम् परीक्षणसँग सम्बन्धित पालिकास्तरीय १/१ वटा ल्याबको व्यवस्था मिलाउन प्रयत्न गरिने छ ।
- कृषि तथा पशु वस्तुहरूको विमा गर्न जागरण तथा सचेतना अभिवृद्धिमूलक कार्यहरू गरिने छ । सबै व्यवसायीक कृषकहरूलाई विमा गर्न सहजीकरण गरिने छ ।
- कृषि र पशु विकासलाई व्यावसायीकरण गर्न न्यूनतम अनुदानको व्यवस्था गरिने छ ।
- वास्तविक किसानको पहिचान खुलाउन कार्यपालिकाबाट कार्यविधि तयार गरी किसान परिचय-पत्र प्रदान गर्ने कार्य सुरुवात गरिएकोमा आगमी आ.व.मा निरन्रता दिइने छ ।
- गाउँपालिकाले आफ्नै एउटा कृषि फर्म स्थापना गर्न  पहलकदमी लिने छ ।
- किसानलाई व्यावसायिक बनाउन मागमा आधारित तालिमको व्यवस्था मिलाइने छ ।
- सबै वडामा कृषि-पशु प्राविधिकको व्यवस्था गर्न पहल गरिने छ । कार्यविधि बनाई कृषकका घर गोठ, खेत बारीमा प्राविधिक सेवा पुऱ्याउने नीति लिइने छ ।
- कोरोना महामारीका कारण आइपर्न सक्ने खाद्य संकटलाई ध्यानमा राखी बाँझो जग्गा उत्पादनशील बनाउन भू उपयोग नीति अवलम्बन गरिने छ ।  बाँझो रहेको खेत बारीमा खाद्यान्न उत्पादन गर्ने व्यक्ति, समूह तथा फर्मलाई प्रोत्साहित गर्न कार्यविधि बनाई  सहुलियत ऋण र अनुदानको व्यवस्था मिलाइने छ । न्यूनतम् **२५ रोपनीमा खेती गर्नेलाई रु. २५,०००।- सोभन्दा** माथि व्यवसाय गर्न चाहेमा साझेदारी कोषबाट प्रोत्साहन स्वरूप प्रति रोपनी रु. १०००।- का दरले थप गर्दै अधिकतम रु. १, ००, ०००।- सम्म प्रदान गरिने छ ।
- वन्यजन्तुले कृषि बालीमा पुऱ्याउने हानी नोक्सानीलाई न्यूनीकरण गर्न विभिन्न उपायहरूको खोजी गरिने छ  ।

- प्राकृतिक प्रकोपबाट कृषि बालीमा धेरै हानी नोक्सानी भएको अवस्थामा सो को असर कम गर्न आवश्यक कार्य गरिने छ ।
- हरेक वडामा कृषि उपज संकलन केन्द्र निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- सामुदायिक अध्ययन केन्द्रमा कृषि पुस्तकालयको व्यवस्था मिलाइने छ ।
- उत्पादित हरियो तरकारी बजारीकरणका लागि लिसंखु देखि जेठलसम्म निःशुल्क ढुवानीको शुरुवात भएको छ । सम्भव भएसम्म अन्य क्षेत्रमा बिस्तार गरिने छ ।

## (ङ) **शिक्षा विकास नीति**

शिक्षा क्षेत्र अहिले कोरोनाको महामारीले गर्दा झनै अन्योलग्रस्त अवस्थामा छ । अन्यौलताको बीचमा पनि पाठ्यपुस्तकहरू घरघरमा पुऱ्याउनु पर्ने हाम्रो दायित्व छ । विद्यालयहरूको सहजीकरणमा टोल वस्तीमा नै उपलब्ध शिक्षकहरू बाट वैकल्पिक विधिबाट सिकाइ सहजीकरण गर्न आवश्यक छ । यस्तो अवस्थामा हामी सबै मिलेर बालबालिकाको भविष्य सुनिचित गर्न आवश्यक छ । **जोगाऔं भविश्यको साहारा, फेरौं विद्यालयको मुहार** कार्यक्रम अगाडि सारिएको छ । जस अन्तर्गत;

- लिसंखु पाखर गाउँपालिकाका सामुदायिक विद्यालयहरूलाई सुदृढीकरण गरी गुणस्तरीय बनाइने छ ।
- आधारभूत तहको शिक्षा सुनिश्चिततालाई निरन्तरता दिइने छ ।
- विद्यालयलाई शिक्षक दरबन्दी सहयोग दिएकोमा केही विद्यालयका शिक्षक अनुदान यथावत राखिने छ । बाल विकास सहजकर्ता, लेखापाल र सामुदायिक अध्ययन केन्द्रका सहजकर्तालाई  प्रोत्साहनको व्यवस्था राखिएको छ ।
- उत्कृष्ट स्थान हासिल गर्ने विद्यालयलाई पुरस्कृत गर्ने नीति लिइने छ । पालिका प्रथम हुने छात्र/छात्रा लाई रु. १५/१५ हजार प्रदान गर्ने व्यवस्था मिलाउने तथा आफ्नो विषयमा ८० प्रतिशत विद्‌यार्थी उतीर्ण गराउन नसक्ने शिक्षकलाई मापदण्ड वा निर्देशिका तयार गरी नकारात्मक प्रोत्साहनको नीति लिइने छ ।
- कक्षा ५ सम्मको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- गाउँपालिका भित्र एक प्राविधिक धारको  विद्यालय र एक नमुना आवासीय विद्यालय निर्माण गर्ने नीति अनुरूप श्री बुद्धोदय मा.वि. लाई प्राविधिक धारको विद्यालयको रूपमा विकास एवम् सुदृढीकरण गर्ने नीतिलाई प्राथमिकता दिइने छ ।
- चालु शैक्षिक सत्र बाट लागु हुने गरी एक १०० पूर्णाङ्कको स्थानीय पाठ्यपुस्तक तयार गर्न उपसमिति बनाई जिम्मेवारी दिइएकोमा उक्त कार्य पूरा गरी कार्यान्वयनमा ल्याइने छ ।

- भवन निर्माण सम्पन्न भएका विद्यालयहरूमा बेन्च, टेबल र कुर्सी क्रमिक रूपमा व्यवस्थापन गरिने छ ।
- सबै तहका शिक्षकहरूलाई तालिमको व्यवस्था क्रमिक रूपमा गरिने छ ।
- म्यूजिक शिक्षक, स्पोर्ट शिक्षक र नर्सिङ शिक्षक व्यवस्थापन गर्न पहल गरिने छ ।
- भाषा नीति निर्धारण र मातृ भाषामा शिक्षा कार्यक्रम अघि बढाउन अध्ययन टोली गठन गरिने छ ।
- माध्यामिक विद्यालयहरूलाई नियमित पाठ्यपुस्तकको अतिरिक्त १ ऐच्छिक प्राविधिक विषयको कक्षा सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।
- सबै शिक्षक र विद्यार्थीलाई कोरोना खोपका लागि पहल गरिने छ ।
- सबै विद्यालयमा इन्टरनेट सेवा पुर्‍याइने छ ।
- एक विद्यालय एक उद्यम कार्यक्रम थालनी गरिने छ ।
- विद्यालय अनुगमन निरीक्षणलाई प्रभावकारी रूपमा नियमित गर्दै हरेक चौमासिकमा प्रतिवेदन लिने व्यवस्था मिलाइने छ ।
- कोरोना भाइरस फैलिरहेको परिप्रेक्ष्यमा श्रव्य-दृश्य माध्यम, विद्यार्थी भेटघाट जस्ता गतिविधि बाट वैकल्पिक शिक्षण सिकाइ कार्यलाई व्यवस्थित गरिने छ ।
- २० जनासम्म बालबालिका बराबर १ जना बालविकास सहजकर्ता नीति कार्यान्वयन गरिनेछ ।

## (च) **स्वास्थ्य नीति**

हामीले अहिले विश्वभर फैलिरहेको कोरोना महामारी (कोभिड-१९)बाट गाउँपालिकावासीलाई सुरक्षित बनाउनको लागि सचेतनापूर्वक लागि रहेका छौं । जसको लागि गाउँ वस्ति कोरोनामुक्त बनाउने अभियानलाई सार्थक बनाउनु छ । स्वास्थ्य सेवा सुदृढ गर्ने नीति लिइने छ । जुन निम्न अनुसार रहेका छन् ।

### १) **कोभिड -१९ रोकथाम, नियन्त्रण, उपचार र राहत**

- कोरोना खोप व्यवस्थापनका लागि सकृय पहल गरिने छ ।
- गाउँपालिका भित्रका होटल, पसल, व्यवसायजस्ता भिडभाडका क्षेत्रहरुमा PCR Swab को नमुना संकलन गरी संक्रमणको अवस्था पहिचान गर्ने
- संक्रमण पुष्टि भई होम आइसोलेसनमा रहेका विपन्न नागरिकलाई पोषण खर्च बापत प्रति संक्रमित रु. ३,०००।- उपलब्ध गराउने ।

- पोजेटिभ देखिएका बिरामीलाई अस्पताल लैजानु पर्ने भएमा डाडापाखर एवं सिन्धु सदाबहार अस्पतालमासम्म लैजान एम्बुलेन्सको व्यवस्थापन गाउँपालिकाले गर्ने छ । सिन्धु सदाबहार अस्पतालमा हुने उपचार खर्च गाउँपालिकाले ब्यहोर्ने नीति लिइने छ ।
- उक्त अस्पतालहरुमा उपचार हुन नसकी सुविधा सहितको अस्पतालमा बिरामी लान डाक्टरले सिफारिस गरेमा रु. १०,०००।- गाउँपालिकाले औषधी उपचार खर्च सोधभर्ना दिनेछ ।
- उपचारकोक्रममा विरामीको मृत्यु हुन गएमा सामाजिक संस्कार अनुसारको मृत्यु संस्कार गर्न रु. १५,०००।- सहयोग प्रदान गरिने छ ।-
- कोरोना महामारीबाट सुरक्षित हुनको लागि क्वारेन्टिन, आइसोलेसन र आवश्यक सुरक्षा सामाग्रीको थप व्यवस्थापन गरिने छ ।

## २) <u>गुणस्तरीय स्वास्थ्य सेवा</u>

- लिसंखु पाखर गाउँपालिका भित्रको स्वास्थ्य संस्थाबाट प्रदान गर्ने सेवालाई भरपर्दो र विश्वास योग्य बनाई  आधारभूत प्रकृतिका स्वास्थ्य उपचार सेवा निःशुल्क गर्ने तथा प्राकृतिक चिकित्सा योग साधनाको विकासद्वारा लिसंखु पाखरवासीलाई स्वस्थ र निरोगी तुल्याउने नीति अङ्गीकार गरिने छ ।
- वर्तमान अवस्थामा पुऱ्याउँदै आएको स्वास्थ्य सेवालाई चुस्त, प्रभावकारी र भरपर्दो बनाउँदै लगिने छ ।
- सबै स्वास्थ्य चौकीहरूलाई क्रमशः बर्थिङ सेन्टरको रूपमा विकास गरिने छ ।
- गाउँपालिकाका सबै नागरिकलाई नेपाल सरकारको नीति अनुसार स्वास्थ्य विमा गर्न गराउन सहजीकरण र उत्प्रेरित गरिने छ ।
- सबै स्वास्थ्य संस्था मार्फत स्वास्थ्य र सरसफाइ सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने गरी कार्यक्रम सञ्चालन गरिने छ ।
- लिसंखु पाखर गाउँपालिका पूर्ण खोप सुनिश्चितता भएको घोषणा भइसकेकोले यसको दीगोपनाको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।
- जीरो होम डेलिभरीको लागि ANC र PNC चेकअपलाई थप प्रभावकारी बनाउन प्रोत्साहन गर्ने नीति लिइने छ ।
- यस गाउँपालिकाले दिदैं आएको ४ वटा रोगको उपचार अनुदानलाई निरन्तरता दिइने छ ।
- महिला स्वयम् सेविकालाई दिँदै आएको प्रोत्साहन भत्ता वार्षिक रु. ३, ०००।- र बैठक यातायत एवम् खाजा खर्च बापत रु. ४००।- प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

- अत्तरपुर र डाडापाखर अस्पताल निर्माण सम्पन्न गरी आ.व. ०७८/७९ बाट उपचार सेवा प्रारम्भ गरिने छ ।
- गर्भवती महिलालाई ३० दिनको फरकमा घुम्ती सेवाको सबै बर्थिङ सेन्टरहरूमा निःशुल्क भिडीयो एक्स रे सेवा प्रदान गर्ने नीति लिइने छ ।
- ल्याव सेवा सञ्चालन सुरु भएकोमा प्रभावकारी बनाइने छ ।
- स्वास्थ्य संस्थाबाट प्रदान गरिदै  आएको निःशुल्क औषधी बितरण कार्यलाई प्रभावकारी हुने गरी निरन्तरता दिइने छ ।
- मदिरा, धुम्रपान र जुवातासलाई न्यूनीकरण गर्न विभिन्न महिला समूह, क्लब, सहकारी, जनप्रतिनिधि, शिक्षक र सुरक्षा निकायको सहयोगमा चेतनामूलक कार्यक्रमहरू गर्ने उक्त कार्य गर्दा अवरोध पुर्‍याउने  समूह व्यक्तिहरूलाई  दण्डित गर्ने नीति लिइने छ ।
- सबै वडाहरूमा क्रमिकरूपमा स्वास्थ्य चौकीको पक्की भवन निर्माण कार्यको थालनी गरिने छ ।
- विशेषज्ञको व्यवस्था सहितको स्वास्थ्य शिविरहरू आयोजना गरिने छ ।

## (छ) खानेपानी तथा सरसफाई

गाउँपालिकावासीलाई स्वस्थ पिउने पानी घर-घर पुर्‍याउने कार्यलाई निरन्तरता दिई  **स्वस्थ खानेपानी हाम्रो चाहना, संरक्षण गरौँ पानीको मुहान** अभियान अगाडि बढाइने छ । जस अन्तर्गत;

- गाउँपालिकाका सबै घरहरूमा पुग्ने गरी स्वच्छ खानेपानीको **एक घर, एक धारा** नीति अवलम्बन गरिने छ ।
- बजार क्षेत्रहरूमा ढल र डम्पिङ साइटको व्यवस्थापनलाई प्रभावकारी बनाइने छ ।
- स्वास्थ्य संस्थामार्फत पिउने पानी परीक्षण र निर्मलीकरणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- पालिकामा खानेपानी तथा सरसफाइ इकाई स्थापना गरी यससँग सम्बन्धित संस्था दर्ता, नवीकरण तथा संचालित योजनाहरूको मर्मत सम्भारमा जोड दिइने छ । मुख्य बजार क्षेत्रहरूमा सार्बजनिक शौचालय निर्माणका लागि पहल गरिने छ ।

## (ज) सिँचाइ नीति

उत्पादन बढाउनको लागि सिँचाई अति महत्वपूर्ण हुन्छ । सबै भू-भागमा कुलो सिँचाइ सम्भव छैन । स्थानीय सरकारमार्फत प्लाष्टिक पोखरी निर्माण कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिने छ । **निर्माण गरौँ प्लाष्टिक पोखरी, हुने छ वर्षाको पानी भकारी** अभियान चलाइने छ । जस अन्तर्गत;

- कुलो सिँचाइ, प्लाष्टिक पोखरी सिँचाइको माध्यमबाट खेतीयोग्य जमिनमा सिँचाइको व्यवस्था मिलाउँदै लैजाने । साविकका सिँचाइ संरचनाको मर्मत सम्भार गरी व्यवस्थित कुलो निर्माणमार्फत कृषियोग्य जमिन सिंचित हुने नीति लिइने छ ।
- लिफ्ट सिँचाइको लागि अध्ययन गरिने छ।
- लिसंखु च्याउजीबेसी सिँचाइ योजना सम्पन्न गरिने छ ।
- हापेबेसी सिँचाइ, पाखर सिँचाइ, गुर्दुङडाडा सिँचाइ र अम्बलडाडा, टुप्ले खोला घरङबेसी खेत सिँचाई योजना निर्माणको नीति लिइने छ ।

(झ) **पर्यटन / सांस्कृतिक नीति**

- प्रदेश सरकारबाट सर्वेक्षण पूरा भएको मुडे हिल स्टेसन र घ्याल्बुङ दोभान तालको निर्माण कार्य पूरा गर्न प्रदेश सरकार मार्फत कार्यान्वयन गराउन पहल गर्दै पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्ने नीति लिइने छ ।
- शुभारम्भ गरिएको बुलबुले चिया बगान सहितको पार्क एवम् पोखरी निर्माण कार्यलाई निरन्तरता दिइने छ ।
- अन्य पर्यटकीय क्षेत्रको विकासको सम्भाव्यता अध्ययन गरी सर्वेक्षण गराइने छ ।
- धार्मिक एवम् सांस्कृतिक सम्पदाको पहिचान गरी त्यसको सम्बर्धन र विकासद्वारा धार्मिक एवम् सांस्कृतिक पर्यटनको विकासमा जोड दिइने छ ।
- पालिकास्तरीय पर्यटन बोर्डको गठन गरी पर्यटन पूर्वाधार विकासको सम्भाव्यता अध्ययन गरिने छ ।
- धार्मिक तथा सांस्कृतिक संग्राहलय स्थापनाको लागि अध्ययन भई डी.पी.आर तयार गरी निर्माण कार्य थालनी भएको छ ।
- हाम्रो धार्मिक सम्पदा (आस्थाको केन्द्र) मठमन्दिर, शिवालय र गुम्बा स्तुपाहरूको संरक्षण गरी विकासका लागि पहल गरिने छ ।
- बुद्ध पार्क निर्माणको लागि अध्ययन गरिने छ ।
- ककलिङ पोखरी संरक्षण र पार्क निर्माणको लागि अध्ययन भएको छ । आगामी आ.व. मा कार्य थालनी गरिने छ ।
- प्रत्येक वडामा रहेका धार्मिक आस्था अनुसारका सम्पदाहरूको संरक्षण र पर्यटन विकासका लागि पहल गरिने छ ।

(ञ) **रोजगार /उद्यम नीति**

- गाउँपालिका आत्मनिर्भर हुन रोजगारमूलक कार्यक्रम आवश्यक छ । विभिन्न सम्भावना पनि छन् । कृषि-पशुपालन व्यवसाय, जडिबुटी, हस्तकला (गलैंचा, थान्का, मखुण्डो

बुनाइ), बाँस-निगालाका समाग्री उत्पादन, कृषि तथा पशुबाट उत्पादित बस्तुहरूको प्रसोधन, साना होटल, पसल व्यवसाय, होम स्टेहरू निर्माण, कपाल काट्ने, ब्यूटी पार्लर, मोटरसाइकल तथा गाडी मर्मत सम्भार लगाएतका विभिन्न रोजगारमूलक व्यवसायहरूको बिस्तार गर्न आवश्यक छ । जसका लागि **अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम** अगाडि सारिएको छ ।

- **बेरोजगारको सम्मान, लिसंखु पाखरको अभियान** लाई सार्थक तुल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचीकृत गरी रोजगार प्रदान गर्दै आएकोमा **अध्यक्ष उद्यमशीलता विकास** कार्यक्रममार्फत सहुलिएत कर्जा, उद्यमशीलता र रोजगारीका विषय उठान गरिएको छ । यस कार्यक्रममार्फत उत्पादन बृद्धि र स्वरोजगारी सिर्जनामा मद्दत पुग्ने छ ।
- **अध्यक्ष उद्यमशीलता विकास** कार्यक्रमद्वारा रोजगारी सिर्जना एवम् उद्यमशीलता विकासलाई निरन्तरता दिइने छ ।
- लघु उद्यम विकास कार्यक्रममार्फत नयाँ उद्यमी निर्माण एवम् पुराना उद्यमीलाई पुनर्ताजगी तालिम सञ्चालन गरिने छ ।
- सूचिकृत भएका युवाहरूलाई प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत रोजगारीको प्रत्याभूति गराई तोकिएको स्थानहरूमा कार्य जिम्मेवारी दिइने छ ।
- युवाहरूबाट माग भै आएमा लोक सेवा आयोग र शिक्षा सेवा आयोगमा  प्रतिस्पर्धा गर्न सहज होस् भन्ने उद्देश्यले आवश्यक तयारी कक्षा सञ्चालन गरिने छ ।
- बैदेशिक श्रम तथा रोजगारीमा जाने युवाहरूलाई  सुरक्षित रोजगारको प्रत्याभूति दिन आवश्यक सहयोग र तालिमको लागि पहल गरिने छ ।
- बैदेशिक रोजगार बाट फर्किएका युवाहरूले कृषि व्यवसाय गर्न चाहेमा बाँझो बसेको जमिनमा व्यवसायको लागि  आवश्यक पर्ने ऋणको लागि बैंक तथा वित्तीय संस्थामा पहल गरिने छ ।
- गरिब, असहाय तथा विपन्न परिवार, दैनिक ज्याला गरी जीवनयापन गर्ने श्रमिक, बन्दाबन्दी र कोभिड-१९ को कारण रोजगार गुमाएका व्यक्तिलाई लक्षित गरी राहतका लागि रोजगारीमूलक कार्यक्रम लाई निरन्तरता दिने ।
- गाउँपालिका भित्र एक उद्योग ग्राम बनाउन पहल गरिने छ ।
- युवा लक्षित व्यावसायिक सीपमूलक (कम्प्युटर, ड्राइभिङ्ग, प्लम्बिङ्ग आदि) तालिम प्रदान गरी स्वरोजगारको अवसर सिर्जना गरिने छ ।
- हस्तकला उद्योग (मखुण्डो, गलैचा, थाङ्का, बाँस, निगालो, अल्लोका सामान, बुनाइ ) आदि सञ्चालन गर्न चाहने व्यक्ति वा समुदायलाई सहयोग गर्ने नीति अवलम्बन गरिने छ ।

(ट) **युवा तथा खेलकुद**

- मागमा आधारित युवा लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितलाई नियमित गरिने छ ।
- माग र चाहनाको आधारमा खेलाडीहरूलाई प्रशिक्षणको व्यवस्था मिलाईने छ ।
- गाउँपालिका स्तरीय कभर्ड हल निर्माण सम्पन्न गरिने छ ।
- गाउँपालिका भित्र अन्तराष्ट्रिय मापदण्ड अनुरूपको फूटबल ग्राउन्ड निर्माणको लागि पहल गरिने छ ।
- खेलकुद नीति बनाई गाउँपालिकास्तरीय खेलकुद विकास समिति गठन गरिने छ ।
- पालिकास्तरीय खेलकुद एवम् अतिरिक्त कृयाकलाप आयोजना गरिने छ ।

(ठ) **सडक / पूर्वाधार नीति**

गाउँपालिकाले सडक र पूर्वाधारमा झण्डै ८० प्रतिशत बजेट खर्च गरिरहेको छ । हरेक टोल वस्तिमा सडकको ट्र्याक पुगेको छ । ती सडकहरूको अवस्था सुधार गरी स्तरोन्नती गर्नु आजको आवश्यकता हो । नयाँ सडक सुरु गर्नुभन्दा यस सभा बाट **नयाँ सडक कोर्न छोडौं, भएका सडकहरूको सुधार गरौं** अभियान सञ्चालन गरिने छ ।

- अपाङ्ग र बालमैत्री पूर्वाधार निर्माण गर्ने नीति लिइने छ ।
- सभाहल सहितको गा.पा.भवन निर्माण सम्पन्न भई सञ्चालनमा आएकोछ । थप मुख्य प्रशासनिक भवन निर्माण कार्य थालनी गरिने छ ।
- २१ किलो लिसंखु वाफल सडकको बाँकी खण्ड स्तरोन्नती गर्न आवश्यक पहल गरिने छ ।
- वस्तिस्तरमा पुगेका सडकहरूको क्रमिक रूपमा सुधार गर्दै लगिने छ ।
- पालिकास्तरीय रिङरोडको बाँकी खण्डमा ट्र्याक जोड्ने कार्य सम्पन्न गरिने छ ।
- अधुरो बसेको सामुदायिक भवन एवम् गाउँघर क्लीनिक भवन निर्माण पूरा गरिने छ ।
- वडा नं १ मा जाने सडकको गौरी खोलामा पक्की पुल निर्माणको कार्य थालनी हुनेछ । अन्य खोलाहरुमा पक्की पुल निर्माणको पहल गरिने छ ।
- साझेदारीमा काम गर्ने गरी सिफारिस भएका सडक भवन लगाएतको पूर्वाधार निर्माणमा संघ र प्रदेश सरकारको साझेदारिमा परियोजना कार्यान्वयन गरिने छ ।
- सडक मापदण्ड तयार हुनुभन्दा अघि बनेका सडक आसपासका पक्की घरहरूमात्र एक पटकलाई कार्यविधि बनाएर प्रमाणिकरण गर्ने प्रकिया अघि बढाइएको छ । नयाँ बन्नेहरूको हकमा सडक र भवन मापण्ड नीति अनुसार हुने छ ।

- सहिदहरूको योगदानलाई मध्येनजर गरी पालिकास्तरीय सहिद स्मृति भवन निर्माण कार्य थालनी गरिएकोमा पूर्णता दिइने छ ।
- पालिका केन्द्रबाट विभिन्न वडा कार्यालय जाने सडकहरूको स्तरउन्नती गरी क्रमिक रूपमा कालोपत्रे गर्दै जाने नीति लिइने छ।
- प्राविधिक तालिम केन्द्र भवन निर्माण कार्य सम्पन्न गरिने छ ।
- प्रशासनिक भवन निर्माण हुन बाँकी वडा कार्यालयको भवन निर्माण कार्य थालनी गरि सम्पन्न गरिने छ ।
- झोलुङ्गे पुलहरू निर्माण गर्न पहल गरिने छ ।
- पूर्वाधार क्षेत्रका कामलाई थप प्रभावकारी बनाउन प्राबिधिक कर्मचारीहरुलाई तालिम, प्रोत्साहन तथा अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाइने छ ।

(ङ) **वन तथा वातावरण**

- सामुदायिक वन उपभोक्ता समिति र वन कार्यालयसँग समन्वय गरी न्यून उत्पादन दिने रुखहरू र  झाडीहरू हटाई अधिकतम उत्पादन दिनसक्ने रुखका बिरुवा वा चिया, फलफूलको बिरुवा रोप्ने कार्यको थालनी गरिने छ ।
- जैबिक विविधतायुक्त लोपोन्मुख जडीबुटीहरूको संरक्षण र प्रबर्धन गर्ने नीति लिइने छ ।
- भूक्षय रोक्न बृक्षरोपण कार्यक्रम सञ्चालन, वनको दिगो व्यवस्थापन र परिस्थतिचक्रीय प्रणालीको संरक्षण गरिने छ ।
- प्लाष्टिकका सामाग्री प्रयोग न्यूनीकरण गर्न पहल गरिने छ ।
- समुन्नति र समृद्धिमा मद्दत पुग्ने सामुदायिक वन व्यवस्थापन सम्बन्धी नीति निर्माण गरिने छ ।
- सामुदायिक वनमा पानी पोखरी बनाएर  वन्यजन्तु र पानीका मुहान संरक्षण गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।
- जलवायु परिवर्तन र प्रभाव नियन्त्रणका लागि पहल गरिने छ ।

(ढ) **सहकारी**

- सहकारी संस्थाहरूलाई सहकारी मूल्य मान्यता, सिद्धान्त र प्रचलित ऐन, नियम बमोजिम सञ्चालन गर्न जोड दिइने छ ।
- निष्कृय रहेका सहकारी संस्थाहरू नियमित गर्न पहल गर्ने । सकृय नभएमा प्रकृया पुऱ्याएर खारेज गरिने छ ।

- नियमित रूपमा सञ्चालन भएका सहकारीका पदाधिकारी र सदस्यहरूको क्षमता विकास गर्न तालिमको व्यवस्था गरिने छ ।
- गाउँपालिका भित्र उत्पादन भएका कृषि वस्तुहरू र अन्य उत्पादित वस्तुहरूलाई बजारीकरण गर्ने कार्यमा इच्छुक सहकारीलाई सहयोग गरिने छ ।
- सहकारीको माध्यमबाट आर्थिक विकास र स्वरोजगारी सिर्जना गर्न वडा वडामा नमुना सहकारी विकास गर्न प्रोत्साहित गरिने छ ।
- सहकारी ऐन नियम बमोजिम सञ्चालन भै कार्यक्षेत्रका ७५ प्रतिशत घरधुरी आबद्ध गर्न सफल तथा सदस्य सेवामा कृयशील सहकारीहरूलाई मापदण्ड बनाइ कदर सम्मान गरिने छ ।
- सहकारी एकीकरण (मर्ज) गर्ने कार्यलाई प्रोत्साहित गरिने छ ।
- नेपाल बैंकसँग पालिकाको अग्रसरतामा सम्झौता गरी विभिन्न उद्यम व्यवसाय सञ्चालन गर्न सहुलियत ऋण प्रवाह गर्ने व्यवस्था मिलाइने छ ।

(ण) **भूमि नीति**

- नापी गर्न बाँकी रहेको सिक्रे वस्ति को जग्गा नापी गराउने पहलकदमीलाई निरन्तरता दिइने छ । यस्तै प्रकृतिका अन्य वडामा रहेका जमिनहरूको नापी गर्न पहल गरिने छ ।
- बाँझो राखिएको जग्गा जमिन आवादी बनाउन कार्यविधि बनाएर कार्यान्वयन गर्न पहल गरिने छ
- गुठी जग्गाको हक कायम गर्न पहल गरिने छ । सार्बजनिक तथा सरकारी जग्गा बिस्तारै हडप्तै जाने कार्य बढिरहेकोले यस्तो कार्यलाई नियन्त्रण गर्न जग्गाको तथ्याङ्क उतार गरी कारबाहीको लागि आवश्यक पहल गरिने छ ।
- मोहीको अधिकार कायम गर्न पहल गरिने छ ।
- भू-उपयोग नीति बनाई भूमी उपयोग र व्यवस्थापनको कार्य थालनी गरिने छ ।

(त) **विज्ञान तथा प्रविधि र संचार**

- गाउँपालिकालाई क्रमिक रूपमा प्रविधि मैत्री बनाउन सबै कार्यक्रमहरू हेर्न मिल्ने गरी मोबाइल एप्सको विकास र सीसी क्यामरा जडान गरिने छ ।
- गाउँपालिकाका सबै गतिविधिहरू रेडियो, पत्रपत्रिका, इन्टरनेट र सामाजिक सञ्जालजस्ता सञ्चार माध्यमबाट नागरिकहरूलाई सूसुचित गरिने छ ।
- आ.व. ०७७/०७८ सम्म बनेका स्थानीय ऐन, नियमावली र कार्यविधिहरू समेटेर लिसंखु पाखर कानुनी संगालो प्रकाशित गरिने छ ।

- स्थानीय सरकारको **४ वर्षे** कार्यकालको उपलब्धि, समस्या, अवसर र चुनौती समेटेर समीक्षात्मक विवरण सहितको स्मारिका कार्तिक मसान्त भित्र प्रकाशन गरिने छ ।
- पत्रकार महसंघको संस्थागत विकासमा मद्दत पुऱ्याइने छ ।

(थ) **भूकम्प पछिको पुनर्निर्माण**

- भूकम्प पछिको पुनर्निर्माण कार्य सम्पन्न गरिने छ ।
- मठ-मन्दिर, गुम्बा, चर्च र विद्यालयहरू निर्माण कार्य आ.व. ०७८/७९ भित्र सम्पन्न गर्न पहल गरिने छ ।

(द) **न्याय सम्पादन र कानून निर्माण**

- दिगो विकासका लागि न्यायमा सबैको पहुँच स्थापित गर्दै शान्तीपूर्ण र समाबेशी समाजको प्रवर्धन गर्न प्रयत्न गरिने छ ।
- न्यायिक समितिको कामलाई चुस्त दुरुस्त र विश्वसनीय बनाइने छ ।
- मेलमिलापकर्ताको थप उत्पादन र क्षमता विकास गरिने छ ।
- विवादलाई मेलमिलापको माध्यमद्वारा समाधान खोजिने छ ।
- न्यायिक इजलास थप प्रभावकारी बनाइने छ ।
- न्यायिक समितिमार्फत दिने कानुनी सेवा सरल सहज बनाइने छ ।
- संविधानले तोके बमोजिम स्थानीय सरकारले निर्माण गर्नुपर्ने ऐन, नियमावली र कार्यविधिहरू क्रमिक रूपमा तयार गरी सभामा पेश गरिने छ ।

(ध) **सेवा प्रवाह र सुशासन**

- सेवा प्रवाहलाई प्रविधि मैत्री, चुस्त दुरुस्त सरल र झन्झटरहित बनाइने छ ।
- गा.पा. र वडा कार्यालय, स्वास्थ्य चौकी एवम् सामुदायिक विद्यालय बीच E-Linkage (बिद्युतीय सम्बन्ध) स्थापना गरिने छ । जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास गरी सेवाको गुणस्तरमा जोड दिइने छ ।
- पालिका र वडा कार्यालयबाट टाढा रहेका गाउँवस्तिहरूमा पालिका, विषयगत शाखा र वडा कार्यालयहरूबाट दिने सेवाहरू घुम्ती सेवाको रूपमा प्रदान गर्ने व्यवस्था मिलाइने छ ।
- सेवा प्रवाहमा सजिलो बनाउन उपभोक्ता समिति र सरोकारवालाहरूलाई आवश्यक तालिमको व्यवस्था गरिने छ ।

- सबै शाखा र कार्यालयहरूमा गुनासो पेटिका राखिने छ। गुनासो सम्बोधन हटलाइनको व्यवस्था गरिने छ। नागरिक बडापत्र अनुसार गाउँपालिका र मातहत कार्यालयहरूबाट प्रदान गर्ने सेवामा लापर्वाही भएको महशुस भएमा, बेठिक गरेको एकीन भएमा कानून बमोजिम कार्यबाही गरिने छ ।
- शान्ति सुरक्षा अमनचयन कायम गर्न गाउँपालिका परिसर रहेको क्षेत्रमा प्रहरी पोष्ट राख्न जग्गा व्यवस्थापन गरिएको छ। चौकी निर्माणका लागि सम्बन्धित निकायमा अनुरोध गरिएको छ।

(न) **<u>राष्ट्रसेवक कर्मचारी</u>**

- कार्यसम्पादन मूल्याङ्कनको आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिने छ।
- कर्मचारी कल्याण कोषको स्थापना गरी निरन्तरता दिइने छ।

(प) **<u>भगिनी सम्बन्ध</u>**

- विभिन्न गाउँपालिका, नगरपालिकाहरूसँग मित्रवत सम्बन्ध कायम गरिने छ।
- मित्र राष्ट्रहरूका स्थानीय तहहरूसँग मितेरी सम्बन्ध कायम गर्न पहल गरिने छ।

(फ) **<u>सरकारी - नीजी साझेदारी कार्यक्रम</u>**

- विभिन्न सरकारी निकाय, गैरसरकारी संघसंस्था, प्राइभेट समूहहरूसँग प्रस्तावना तयार गरी आय-आर्जन लगाएतका परियोजना साझेदारीमा सञ्चालन गरिने छ।

(ब) **<u>वैकल्पिक उर्जा/ बिद्युत</u>**

- गाउँपालिका भित्रका सबै बिजुली पोलहरू काठ मुक्त बनाइने छ।
- सडक गाउँ वस्ति उज्यालो र सुरक्षित बनाउन क्रमिक रूपमा सौर्य बत्तीको विस्तार गर्दै लगिने छ ।
- झाडीबाट प्राप्त कच्चा पदार्थबाट वायोग्यास उत्पादन गर्न पहल गरिने छ।
- लुकिछिपी गैह्रकानुनी किसिमबाट विद्युत चोरी गर्ने कार्य न्यूनीकरणका लागि केवुल लाइन राख्न पहल गरिने छ।

(भ) **<u>महिला/बालबालिका/ज्येष्ठ नागरिक/अपाङ्ग</u>**

१. <u>महिला</u>

घरपरिवार सञ्चालन व्यवस्थापनमा सबैभन्दा धेरै काम महिलाहरूले गरेको पाइन्छ। जुन घरको महिला सक्षम हुन्छन त्यो घर परिवार पनि धेरै हदसम्म सवल, सक्षम र

समृद्ध हुन्छ। समाजका सबै महिलालाई सवल, सक्षम र समृद्ध बनाउन सकियो भने वडा र गाउँपालिकावासीको जीवन समुन्नत, समृद्ध बनाउन सकिन्छ भन्ने मान्यतका साथ निम्न कार्यक्रम सञ्चालन गरिने छ।

- महिलाहरूको आर्थिक सामाजिक राजनैतिक सशक्तीकरणका लागि सीप, क्षमता, नेतृत्व तथा व्यक्तित्व विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ।
- ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्ग नागरिकलाई कदर/सम्मान गरिने छ।
- लैङ्गीक हिंसा नियन्त्रण र हिंसाका घटना व्यवस्थापनमा सामुदायिक संयन्त्रहरूलाई सशक्त रूपमा परिचालन हुनेछन् ।
- स्थानीय महिलाद्वारा उत्पादित व्यवसायी उत्पादनलाई प्रोत्साहित गर्न राष्ट्रिय बजारसम्म पहिचान गराउने नीति लिइने छ।
- महिला अधिकार एवम् क्षमता विकास कार्यमा महिला सञ्जालसँग सहकार्य गरिने छ।

२. बालबालिका

- सबै प्रकारका बालश्रम अन्त्य गर्न पहल गरिने छ।
- बालबालिका माथि हुने सबै प्रकारका हिंसा, शोषण र दुर्व्यवहार अन्त्य गरिने छ।
- सबै बालबालिकालाई विद्यालयमा पहुँच पुऱ्याइने छ।
- मानव बेचबिखन र बाल -बिवाहमुक्त गाउँपालिका बनाउन प्रयत्न हुने छ।
- जन्म भएका बालबालिका लाई सम्मान कार्यक्रम सञ्चालन गरिने छ।

३. अपाङ्ग

- अपाङ्ग भएका सबै व्यक्तिलाई परिचय पत्र प्रदान गरिने छ।
- पूर्ण अपाङ्गता भएका व्यक्तिहरूलाई पुनस्थापनाको लागि पहल गरिने छ।
- आंसिक अपाङ्गगता भएका व्यक्तिहरूलाई सीप विकासका कार्यक्रम सञ्चालन गरिने छ।
- अपाङ्गता भएका व्यक्तिहरूमाथि हुने सबै प्रकारका दुर्व्यवहारको अन्त्य गरिने छ।

४. ज्येष्ठ नागरिक

- ज्येष्ठ नागरिकहरूलाई सम्मानजनक व्यवहार गर्न परिवार, समुदाय र युवा पुस्तालाई अभिप्रेरित गरिने छ।
- कानून प्रदत्त हक अधिकार र सेवामा पहुँच पुऱ्याउन सरकारवालासँग समन्वय र सहकार्य गरिने छ ।

- ६० वर्ष पुगेका सबै ज्येष्ठ नागरिकलाई परिचय पत्र वितरण गरिने छ । महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको पालिकास्तरीय समिति, सञ्जाललाई सकृय बनाई लक्षित समूह विशेषका कार्यक्रमहरू कार्यान्वयन गरिने छ ।

## (म) गैर सरकारी संघसंस्थासँग समन्वय

विगत आ.व. देखि चालु आ.व.सम्म गाउँपालिकाका विभिन्न वडाहरुमा शिक्षा, स्वास्थ्य, कृषि, सहकारी, वन तथा वातावरण, महिला तथा बालबालिका क्षेत्रसंग सम्बन्धित कार्यक्रमहरु आपसि समन्वयमा सञ्चलन भै आएकोमा आ.गा.मी. आ.व.मा समेत गैरसरकारी संघसंस्थाहरुसँग आपसी समन्वय र सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

## (य) खाद्य तथा पोषण सुधार कार्यक्रम

नेपाल सरकार खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना अन्तर्गत खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने उद्देश्यका साथ सञ्चालन भएको खाद्य तथा पोषण सुरक्षा सुधार कार्यक्रमलाई निरन्तरता दिइने छ ।

अन्त्यमा प्रस्तुत नीति तथा कार्यक्रम उपर छलफल गरी रचनात्मक सुझाव सहित पारित गरिदिनु हुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

**धन्यवाद**